प्रदेश सरकार

प्रदेश नं. ५

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

पत्र संख्या :– खाद्य सुरक्षा/०७७/०७८

चलानी नं.:- २१६

प्रदेश सरकार प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल

मितिः- २०७७/०५/०८

विषयः- कृषिकर्मी रोजगारी कार्यक्रमको सूचना प्रकाशन भएको जानकारी सम्बन्धमा।

श्री स्थानीय तह सबै
प्रदेश नं. ५

प्रस्तुत विषयमा मन्त्रालयको आ.व. २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि क्षेत्रमा व्यवसायिक रुपमा कृषि उद्यम तथा पशुपन्छी व्यवसायमा संलग्न कृषि उद्यमी, समुह, सहकारी तथा व्यवसायीहरुलाई कृषि श्रमिक परिचालन गर्नको लागि प्रदेश सरकारले सहयोग उपलब्ध गराउन कृषिकर्मी रोजगारी कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसार कार्यक्रम संचालन गर्न लागिरहेको सन्दर्भमा कृषि श्रमिक परिचालन गरि कृषि व्यवसाय संचालन गरिरहेको र गर्न चाहने योग्यता पुगेका कृषि उद्यमी तथा पशुपन्छी व्यवसायमा संलग्न रोजगार दाताहरुलाई मिति २०७७/०५/०८ गते सूचना प्रकाशन गरिएको छ। सो सूचना अनुसार मन्त्रालय वा कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय सिलबन्दी प्रस्ताव पेश गर्न सकिने भएकोले सो सम्बन्धमा तहाँ स्थानीय तह क्षेत्र भित्र रहेर कार्यविधिको अनुसूचि- ३ बमोजिमको न्यूनतम मापदण्ड पुरा गर्ने कृषि उद्यम तथा पशुपन्छी व्यवसायमा संलग्न कृषि उद्यमी, समुह, सहकारी तथा व्यवसायीहरुलाई सूचनाको जानकारी उपलब्ध गराई दिनु हुन अनुरोध छ साथै उक्त कार्यक्रमसँग सम्बन्धित स्वीकृत कार्यविधि, प्रकाशित सूचना, आवश्यक अनुसूचि- २, ३, ४ र ५ को लागि मन्त्रालयको वेवसाईटः molmac.p5.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

२०७७/०५/०८

.............................

श्रीधर ज्ञवाली

महाशाखा प्रमुख